STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
वर्ष ५ अंक २३४ श्रेणी 'क' २०७१ जेठ १९ गते सोमबार 2 June, 2014 पृष्ठ ४ मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓पुरुषमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

पक्षे अस्पतालमा नवनिर्मित डायलाइसिस एवं आइसियूकक्ष हस्तान्तरण

पक्षे अस्पताललाई चिकित्सा विज्ञान प्रतिष्ठान बनाइने–मन्त्री अधिकारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

पोखराको लक्ष्मी गुप्ले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा "दिल-पुतली स्मृति कक्ष" निर्माण गरेको छ । लक्ष्मी गुप्का संचालक एवं प्रतिष्ठित उद्योगपतिहरू गणेश बहादुर श्रेष्ठ र बुद्धिबहादुर श्रेष्ठद्वारा आफ्ना स्वर्गीय मातापिता पुतलीदेवी श्रेष्ठ र दिलबहादुर श्रेष्ठको स्मृतिमा अस्पतालको हातामा उक्त स्मृति कक्ष निर्माण गरिएको हो । स्मृतिकक्ष हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री एवं नेकपा एमालेका नेता खगराज अधिकारीले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा छिट्टै नै विशेषज्ञ सेवा शुरु गरिने बताएका छन् । उनले अस्पताललाई चिकित्सा विज्ञान प्रतिष्ठान बनाउन कार्यदल गठन गरिएको जानकारी दिए । मन्त्री अधिकारीले आफ्नै प्रयासमा यी सम्बन्धी प्रकृयाका फाईल अगाडि बढेको र कार्यदलको प्रतिवेदन आएपछि दुवै काम अघि बढ्ने स्पष्ट पारे ।


तस्वीर : गोल्डेन न्यूज दैनिक
स्वास्थ्य तथा जनसंख्या मन्त्री खगराज अधिकारीलाई दिल-पुतली स्मृति कक्ष हस्तान्तरण गर्दै लक्ष्मी गुपका अध्यक्ष एवं समाजसेवी गणेशबहादुर श्रेष्ठ लगायत कार्यक्रममा सहभागी अन्य अतिथिहरू ।

संविधानसभा सदस्य एवं कांग्रेस नेतृ शारदा पौडेलले उद्यमी तथा व्यापारीहरुले आफनो कमाईको केही अंश छुट्टाई समाजसेवामा खर्च गर्न आग्रह गरिन् । अस्पताल विकास समितिका अध्यक्ष डा.कालु शर्मा र मेडिकल सुपरिटेण्डेन्ट डा .श्रीकृष्ण श्रेष्ठ र डा .वसन्त कुमार ताम्राकारले अस्पताले अहिलेसम्म विशेषज्ञ सेवा दिन नसकेको गुनासो पोखे । त्यस अवसरमा बोल्दै लक्ष्मी गुप्का अध्यक्ष गणेश बहादुर श्रेष्ठले समाजका लागि केहि गर्नु भनेको जहाँबाट उपलब्ध हासिल भयो त्यसैप्रति कृतज्ञता व्यक्त गर्नु हो भने । अस्पतालमा डायलाइसिस उपचारकक्षमा र आइसियूमा उपचार गरिरहेका विरामीहरुलाई सुविधा होस् भन्ने उद्देश्यले उक्त कक्ष निमार्ण गरिएको उनले स्पष्ट पारे । 'बढ्दो शहरीकरण सँगै पोखराको जनसंख्यामा अभूतपूर्व वृद्धि भएको छ । यो सँगै सरकार र निजी क्षेत्र दुवै स्वास्थ्य सेवा विस्तारको अभियानमा लागेको छ । यसका बावजुद उपचारका लागि काठमाडौं धाउनु पर्ने अवस्थाबाट हामी मुक्त छैनौं ।' उनले भने- 'मस्तिष्कघात र हृदयघात हुने जस्ता दुःखद परिस्थितिलाई न्युनिकरणका लागि आवश्यक व्यवस्था मिलाउन सके पश्चिमाञ्चल क्षेत्रबासीहरुका लागि ठूलो राहत हुने थियो ।'

अस्पताल प्रशासन रविकास समितिले "दिल-पुतली स्मृति कक्ष" निर्माण गर्न सहमति दिएर सेवाको अवसर प्रदान गरेकामा श्रेष्ठले सम्पूर्ण अस्पताल परिवारलाई धन्यवाद ज्ञापन गरे । सहयोगदाता गणेश बहादुर श्रेष्ठ र बुद्धिबहादुर श्रेष्ठको करीब २८ लाखको लागतमा निर्मित उक्त कक्ष बनेपछि आईसियु र किट्नीका डाईलासिस गर्न आउने विरामीका कुरुवाहरुलाई बस्न सजिलो पुग्ने विश्वास गरिएको छ । नौ वर्ष अघि पनि उनीहरुले रु .११ लाख खर्च गरेर किट्नी उपचार कक्ष निर्माण गरिदिएका थिए ।

नेपाल सरकार बाट दुई र जापान सरकारले उपलब्ध गराएका पाँच गरी सातवटा मेशिनबाट अहिले किट्नीका विरामीहरुले डाईलासिस सेवा पाईरहेका छन् । अस्पताल बाट १८० जनाले डाईलासिस सेवा लिईसकेका छन् ।

स्वास्थ्य केन्द्रमा समस्या नै समस्या

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

लेखनाथ नगर स्वास्थ्य केन्द्रका सेवाग्राही नागरिकहरुले केन्द्रको भौतिक पूर्वाधार, सुरक्षा अवस्था कमजोर भएको, पानी, बिजुलीको महसुल तिर्ने रकम अभाव भएको र निकायहरूको काम कार्वाही भरपर्दो हुन नसकेको लगायतका गुनासो गरेका छन् । लेखनाथ नगरपालिका वडा नं १३ मा आइतबार गरिएको सामाजिक परीक्षण कार्यक्रममा बोल्ने नगरबासीहरूले सो गुनासो गरेका हुन् । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालसंग आवद्ध संस्था सुशासनका लागि नागरिक समाज कास्कीको आयोजनामा उक्त सामाजिक परीक्षण गरिएको थियो । त्यस अवसरमा बोल्दै स्थानीय कौशिला अधिकारीले लेखनाथको स्वास्थ्य केन्द्रको सुधारका लागि नगरपालिकाका कार्यकारी अधिकृत रामचन्द्र पौडेलको कार्यकक्ष मै पुगेर पटक-पटक ताकेता गर्दा समेत माग सुनुवाइ नभएको बताइन । नगरपालिकाका कार्यकारी प्रमुख पौडेलले उल्टै सक्छौ भने मेरो सरुवा गर्न चुनौति दिने गरेको अधिकारीले गुनासो गरिन् । नगरपालिकाका कर्मचारी बीलाउँदा पनि नआउने गरेको उनको गुनासो थियो । यता सुनास कास्कीले आइतबारको कार्यक्रमका लागि लेखनाथ नगरपालिकालाई आमन्त्रण गरेको भएपनि कुनैपनि प्रतिनिधि कार्यक्रममा सहभागी भएनन् । भने स्वास्थ्य सेवा केन्द्र व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडा सचिव जीवनाथ पराजुली समेत कार्यक्रम सुरु बित्तिकै बाहिरिएका थिए । सचिव पराजुलीलाई पटक पटक टेलिफोन सम्पर्क गर्दा पनि फोन उठाएका थिएनन् ।

लेखनाथका स्वास्थ्य केन्द्रमा औषधि र प्राविधिक कर्मचारी पठाउने दायित्व जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीको हो भने भौतिक पूर्वाधार व्यवस्थापन गर्ने जिम्मा नगरपालिकाको हो । तर नगरपालिकाका कर्मचारीले आफ्नो दायित्व भित्र नपर्ने भन्दै भौतिक पूर्वाधारमा बेवास्ता गर्दै आएको स्थानीय पदमराज तिवारीले गुनासो गरे । लेखनाथ १३ को स्वास्थ्य केन्द्र सबैलाई पायक पर्ने स्थानमा नभएको कारण यहाँ सेवाग्राही पनि कमै आउने गरेको बताइन्छ । त्यसमाथि यहाँको पूर्वाधार नै राम्रो नभएको कारण विरामीले दुख झेल्नुपरेको महिला स्वयम्सेवी तारा अधिकारीको गुनासो छ । 'यस केन्द्रमा डाक्टर र सबै खालका औषधि पाईएमात्रै सेवाग्राही लाभान्वित हुन्छन्'-उनले भनिन् ।

यता, जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख रमेशप्रसाद अधिकारीले सेवा प्रवाहको क्रममा देखिएको कमिकमजोरी सुधार गरी गुणस्तरीय सेवा दिन कर्मचारीहरुलाई निर्देशन दिए । उनले भने-'हामी आफैले पनि स्वास्थ्य केन्द्रहरुले प्रभावकारी अनुगमन गर्छौं, नागरिक संस्थाहरुले पनि अनुगमन गर्नुपर्छ ।'

कार्यक्रममा सामाजिक परीक्षक दीपक परियारले लेखानाथ १३ को स्वास्थ्य केन्द्रले दिएको सेवाका विषयमा प्रतिवेदन प्रस्तुत गरेका थिए । सुनास कास्कीका अध्यक्ष पुण्य पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सुनास कास्कीका सहसचिव तारा शर्मा, सदस्य कृष्ण बराल, जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका निरीक्षक केशव चापागाँई, लेखापाल रामजी न्यौपाने, समता फाउण्डेसनका सचिव भरत कोईराला, दीगो विकासका लागि सामाजिक अधियानका अध्यक्ष केष्ण गिरी, हेल्थपोष्ट इन्चार्ज मिरा वस्नेत, अक्कलबहादुर कार्की, यमबहादुर विक लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

वनविज्ञान अध्यन संस्थानमा तोड्फोड

पोखरा १८ जेठ ।(गोल्डेन)

वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालय पोखरामा आइतबार विद्यार्थीले डीनको कार्यकक्ष तोडफोड गरेका छन् । गत वैशाख ३० गते डीन कार्यलयले गोरखापत्रमा काठमाडौं को लागि वाइल्ड लाइफ प्रोटेक्टेड एरिया म्यानेजमेन्ट एण्ड वायो डाइभर्सिटी कन्जर्भेसन विषयमा स्नातकोत्तर तहमा भर्नाका लागि आवेदन आह्वान गरेपछि विद्यार्थी आन्दोलनमा उत्रिएका हुन् । डिन कार्यालयले सीमित प्रध्यापकको स्वार्थमा एकलौटी तरिकले विना आधारभूत पूर्वाधार र सरोकारवालाको सहमति बिना नै काठमाडौंमा आवेदन आह्वान गरेको भन्दै विद्यार्थीहरू आन्दोलनमा उत्रिएका हुन् । आन्दोलन एमाओवादी निकट अखिल (क्रान्तिकारी) र एमाले निकट अनेरास्ववियूले गरेका छन् ।

यता यहि विषयलाई लिएर नेपाल प्रगतिशिल प्राध्यापक संगठन र नेपाल राष्ट्रिय प्राध्यापक संगठनले समेत जेठ २ गतेबाट डीनको कार्यकक्षमा धर्ना दिदै विरोध गरिरहेको छ ।

महिलाका लागि मोटरसाइक्लिङ खेल

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

पोखरामा यहि जेठ २१ गते शनिबार 'वीमन पावर इन मोटरसाइक्लिङ स्पोर्टस' अभियान संचालन हुने भएको छ । नेपाल अटोमोबाइल स्पोर्टस एशोसिएशनले उक्त अभियान संचालन पर्ने भएको हो । साहसिक तथा पर्यटकीय खेल प्रवर्द्धनमा समर्पित हुने घोषणापत्र सार्वजनिक गर्दै विगत ६ वर्षदेखि यस्ता कार्यक्रम गर्दै आएको संघका महासचिव गोविन्द भट्टराईले आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । साहसिक खेल पर्यटन र विकासको पूर्वाधार, शान्ति, एकता र सामाजिक सद्भाव नयाँ नेपालको आधार भन्ने मूल नाराकासाथ उक्त प्रतियोगिताको आयोजना गरिएको सह-संयोजक व्यवस्थापन समूहका चन्द्र कुँवरले जानकारी दिए ।

'नेपालको भौगोलिक, सामाजिक र सांस्कृतिक विविधताको अध्ययन गर्दै अलौकिक हिमाली श्रृङ्खलाको अवलोक गर्न समेत मोटरिङ सबैभन्दा उचित खेल हुन सक्छ' पत्रकार सम्मेलनमा महासचिव भट्टराईले भने-'गाडी र भारी भन्ने पूर्खाको उखान अब मोटरिङ एण्ड ट्रयिङ मा रुपान्तरण भएको छ । आज संसारमा मोटरिङ सहास, सिर्जना र सांस्कृति एकाताको प्रतिक बनेको छ ।'

विकास, पर्यटन प्रवर्द्धन र सामाजिक सद्भाव कायम गर्दै नेपालमा मोटरिङ खेलको विकास गर्न महिलाहरूलाई लक्षित गरी माटरसाइक्लिङ स्पोर्टस आयोजना गरिएको उनले बताए । खेलले पोखरा र यस आसपासको क्षेत्रमा सहासिक खेलकूदको विकासमा थप मद्धत पुग्ने उनले विश्वास व्यक्त गरे । प्रतियोगितामा प्रथम हुनेले २० हजार, द्वितीयले १० हजार र तृतीयले ५ हजार नगद पुरस्कारको साथमा शिल्ड र प्रमाणपत्र प्राप्त गर्नेछन् । खेलमा सहभागी हुनेलाई अघिल्लो दिन अर्थात ३० गते प्रशिक्षण समेत दिइने संघले जनाएको छ । विजेताहरूले राष्ट्रिय टोलीमा समेत प्रवेश पाउने भएका छन् ।

प्रतियोगितामा नेपाल भरका महिलाहरूले सहभागिता जनाउन पाउने र पोखराबाटमात्र करिब ५० जनाले सहभागिता जनाउने संघका महासचिव भट्टराईले बताए । पोखराको नयाँबजारस्थित होन्डा शोरुमबाट शुरु हुने उक्त च्याली लुम्लेको लुम्ले कृषि केन्द्रमा पुगेर समापन हुने बताइन्छ ।

फेरी खुल्यो
कोरियन
एक दिन Class Trail गरौ, यदि मन परेमा अगाडि बढौ,
पढाईमा Quality खोजौं, कोरियन भाषाका लागि ...
(EPS द्वारा रद्द गरिएका परिक्षाहरुको पुरानो नयाँ प्रविधिमा तैयार)
टप्स ल्याङ्वेज ने रोजौं !
विशेषताहरु
२००८ देखि हालसम्मको EPS-KLT TOPIK परीक्षामा सतप्रतिशत पास गराउन सफल,
कोरियन ID Holder तथा कोरियामा लामो समय पचकारीता गर्नुभई EPS TOPIK पढाउनकै लागि नेपाल आउनु भएका दश प्रशिक्षकहरुद्वारा अध्यापन गराइने ।
EPS अन्तर्गत विभिन्न मूलुकहरुमा लिइने आइरहेको प्रश्नपत्रहरुको आधारमा अध्यापन गराइने १०० % पास गराउनको खातिर अमूक सुचहर सिकाइने ।
इच्छा, शक्ति र लगानी तपाईको, पास गराउने जिम्मा हाम्रो
TOPS
Language & Training Institute
Tel.: 061-622289, 525835
महेन्द्रपुल (हुलाक चउकेडि भोंको मेडिकलकाले दोब्रो तला) मेडिकल लाइन

Accounting & Banking Training
MATCOSC मै किन ?
यस क्षेत्रमा मै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरुबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा म्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

हार्दिक बधाई एवं शुभकामना

श्री सञ्जीवबहादुर कोइरालाज्यू
पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष श्री सञ्जीवबहादुर कोइरालाज्यू समाज सेवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएबापत नेपाल सरकारको निर्णय अनुसार सातौं गणतन्त्र दिवसको अवसरमा सम्माननीय राष्ट्रपति डा.रामवरण यादवज्यूबाट जनसेवाश्री पदकबाट विभूषित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
नारायण कोइराला
महासचिव एवं
पोखरा उद्योग वाणिज्य संघ परिवार

Study in Australia
Studying in Australia is a serious decision of your life. So, please let it handle by good & experienced agents.
Unicampus is a team of experts with Australian graduates and QEAC agents established since 2001 A.D. ; to guide you with accurate & genuine information to study in Australia.
INTERVIEW PREPARATION
EDUCATION LOAN GUIDANCE
IELTS/CAE CLASSES
5 KEY THINGS FOR YOUR SUCCESS TO STUDY IN AUSTRALIA
Choose course relevant to your previous academic or working experience.
Education gap should cover from your genuine working experience.
Should have genuine education loan, income source and other financial documents.
Plan your sponsor's name who can afford your study.
Prepare yourself with more research for interviews regarding course, fees, living costs, city, and career plan after studies.
IF YOU FAIL TO PLAN YOU PLAN TO FAIL
Unicampus EDUCATION NETWORK
A Trusted Agency for Australia Since 2001 A.D.
061-551805
9846049095
Head Office: KTM:01-4423759
Pokhara Office: Chipledhunga, Pokhara, Nepal [Opposite Salways Departmental Store]
E-mail: unicampus.pokhara@gmail.com
QEAC

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

- महाकवि लक्ष्मीप्रसाद देवकोटा

सम्पादकीय . .

सबै सतर्क बनौं

थाइल्याण्डमा सेनाले गत साता संसदको माथिल्लो सदन भङ्ग गरेको घोषणा गर्दै निर्वाचित सरकारलाई अपदस्थ गरेर सत्तामा आफ्नो हातमा लिएको छ । उसले मुलुकमा कानुन निर्माणको अधिकार पनि आफैंले लिएको जानकारी दिएको छ । प्रजातान्त्रिक एवं संसदीय व्यवस्था भएको मुलुकमा संसदको माथिल्लो सदनलाई स्थायी सदनका रूपमा लिइन्छ । सैनिक सरकारले दलका नेताहरूलाई देश बाहिर जान प्रतिबन्ध लगाइसकेको छ । सेनाले ३५ प्रख्यात प्राज्ञहरूलाई पनि उपस्थित हुन आदेश दिएको छ । उसले पूर्वप्रधानमन्त्री यिंङलक सिनावात्रालाई थुनामा राखेर राजनीति नगर्न चेतावनी दिंदै विदेश भ्रमण नगर्न सुझाव दिएर रिहा गरेको छ । उनलाई परिवारजनसहित शुक्रबारदेखि सैनिक हिरासतमा राखिएको थियो । थाइल्याण्डमा अति धनी र अति गरिब वर्गको खाडल धेरै फराकिलो छ । धनी व्यक्तिहरू सत्तामा पुग्ने गरे पनि गरिब निवारणका कार्यक्रमहरू दिन नसक्दा जनतामा सरकारप्रति असन्तुष्टि बढ्ने गरेको पाइएको छ । जनतामा रहेको असन्तुष्टिको फाइदा त्यहाँको सेनाले लिने गरेको छ । हालसम्म १२ पटक सैनिक सत्ता आफ्नो हातमा लिएको छ । सेनाले सत्ता लिएर चुनाव गराई चुनावी सरकारलाई सत्ता हस्तान्तरण गरेका दर्जनौं उदाहरण भएका कारण त्यहाँका सत्ताविप्लव सामान्य जस्तै मान्ने गरिएको छ । नेपालमा हालसम्म सैनिक शासन लागू हुन सकेको छैन । नेपालका राजनीतिक दलहरू आपसमा बाझेर देशलाई अस्तव्यस्त बनाइरहेका छन् । संविधानविनाको देश बन्न पुगेको छ नेपाल । यहाँ जसले जे गरे पनि भइरहेको छ । देशको यो अवस्थाले जनसाधारणमा व्यापक असन्तुष्टि र निराशा पैदा गराएको छ । निलम्बित भएका राजा स्वागत गाउँ-गाउँमा भव्य रूपमा हुन थालेका छन् । पूर्वराजाको देश डौंडाहाले पनि नेपालका राजनीतिक दलहरूलाई सचेत बनाएको छैन । राजाको रक्षाकवचजस्तै भएर बस्दै आएको नेपाली सेनामा राजभक्तहरू प्रशस्त छन् भन्ने कुरा राजनीतिक दलका नेताहरूले बुझ्न सक्नुपर्दछ । पूर्वराजाको सक्रिय देश भ्रमण र उनको स्वागतमा जनताको उल्लेख्य सहभागिताले नेपालको राजनीतिलाई उल्टो दिशातर्फ उन्मुख गराउने त हैन ? भन्ने आशंका उठ्नु स्वाभाविक हो । यसकारण पनि नेपाली र नेपालका राजनीतिक दलहरू समयमै होसियार हुनु जरुरी छ । होइन भने एक दिन नेपालमा पनि सैनिक शासन लाग्न सक्छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल ज्येष्ठ १९ गते सोमबार, तदनुसार जुन ४ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार ज्येष्ठशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज ज्येष्ठशुक्लपक्षको पञ्चमी तिथि अहोरात्र रहनेछ । आज सूर्य वृष राशिमा रहेको छ भने चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि २० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १० मिनेटमा मैत्र मूहर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ५४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

वृष : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

मिथुन : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

कर्कट : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टमित्रसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन रामो छ ।

सिंह : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

कन्या : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन रामो छ ।

तुला : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

वृश्चिक : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

धनु : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

मकर : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

कुम्भ : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

मीन : मानसिक पीडा थपिनेछ, प्रेममा बिछोड हुन सक्नेछ, आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कृषक दिवसमा सार्वजनिक सुनुवाई

पोखरा १८ जेठ ।(गोल्डेन)

अर्गानीक कृषि सहकारी संस्था लिमिटेडका सहकारीकर्मीले दुई वर्षमा ६९ लाख भन्दा बढीको कृषि उपज बिक्री गरेका छन् । पोखरा १५ टुटुङमा रहेको सहकारीले अन्तिम कृषक दिवस तथा सार्वजनिक सुनुवाई कार्यक्रममा सहकारीले २३ जना सदस्यले दुई वर्षमा ६९ लाख भन्दा बढीको कारोवार गरेको जनाएको छ ।

६२ रोपनी क्षेत्रफलमा ९२ वटा टनेल र २ वटा नर्सरीबाट बिक्रि वितरण गरेर ६९ लाख भन्दा बढीको कारोबार गरेको बताइएको छ । कृषकहरुले अर्गानिक कृषि उत्पादन गर्दा समय र लागत बढी लाग्ने भए पनि उपभोक्ताले अहिले पनि अर्गानिक कृषि उपज र रासायनिक विषादी प्रयोग गरेर उत्पादन भएको कृषि उपज लाई हेर्ने दृष्टिकोण एउटै रहेको बताएका थिए । व्यवसायिक कृषि तथा व्यापार आयोजनाको २० लाख अनुदान र कृषकको रकम गरि कुल ४८ लाख भन्दा बढि खर्च भएको र ४० लाख खुद नाफा गरेको संस्थाका अध्यक्ष माया केसीले जानकारी दिइन । व्यवसायिक कृषि तथा व्यापार आयोजनाले चेक मार्फत कारोबार गरेको भन्दै अन्य संघसस्थाले पनि किसानलाई दिने अनुदानमा चेकबाट कारोबार भए कृषक अन्यायमा नपर्ने केसीले अधिकांश कार्यालले सामान खरिदमा घोटला गर्ने गरेको बताइन ।

कार्यक्रमका क्षेत्रीय कृषि निर्देशक लेखनाथ आचार्यले छिट्टै अर्गानिक परीक्षण गर्ने मेसिन पोखरामा ल्याउने बताए । क्षेत्रीय कृषि तालिम केन्द्रका प्रमुख मिन बहादुर बुढाथोकी, जिल्ला कृषि विकास कार्यालय कास्कीका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत रमेश प्रसाद कोइराला, जिल्ला पशु सेवा कार्यालयका निमित्त प्रमुख शम्भुराज पाण्डे, एमाओवादीका वडा नं १५का अध्यक्ष केवल गौतम, दुग्ध सहकारी संस्थाका शोभाकान्त ढकाल ,पत्रकार घनश्याम पाण्डे, कृषक मीरा श्रेष्ठ लगायतले अर्गानिक कृषिको बारेमा आ-आफ्नो भनाइ राखेका थिए ।

अर्गानिक कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष माया केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन उप आयोजना व्यवस्थापक निशा श्रेष्ठले गरेकी थिइन ।

छेपा च्यु दशमी पूजाको तयारी

पोखरा १८ जेठ ।(गोल्डेन)

गुरु रिम्पोछेको जन्म तिथिको अवसर पारेर छेपा च्यु दशमी पूजा हुने भएको छ । पोखरा १० बुद्धशान्तिमार्ग टासी छ्योएलिङ(गोपाल) गुम्बाको आयोजना र धान्कुक बेज मेथी तमु समाज, आठ भाइ बाह्र घर पल्लेरा , बत आमा समुहको सहयोगमा टासी छ्योएलिङ गुम्बामा उक्त पुजा हुन लागेको हो । आगामी जेठ २४ र २५ गते हुन लागेको उक्त पुजालाई भव्य रुपमा सफल पार्नका लागि आयोजक र सहयोगी संस्थाहरुबीच आइतवार बृहत बैठक सम्पन्न भएको छ । बैठकले पुजालाई सफल पार्नका लागी आ आफ्नो ठाउबाट सक्दो सहयोग गर्ने निर्णय गरिएको आयोजक संस्था टासी छ्योएलिङ गुम्बाका लामा गुरु आम्ची गोपाल लामाले जानकारी दिए ।

धान्कुक बेज मेथी तमु समाजका अध्यक्ष सुवेदार नर बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न बैठकले जेठ २४ गते नबमीका दिन गुरु पद्म सम्भवका महान सुत्र अखण्ड जप र २५ गते दशमीका दिन गुरु पेमाको बाह्र हुने भएको छ ।

भूमि अधिकार मञ्चमा गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

राष्ट्रिय भूमि अधिकार मञ्च कास्कीको हालै सम्पन्न अधिवेशनले पुनः आस बहादुर गुरुङको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ । समितिको उपाध्यक्षमा दानबहादुर शाही, सचिवमा कमल गहतराज, सह-सचिवमा प्रेम गजमेर, कोषाध्यक्षमा शान्ति ठकुरी चयन भएका छन् । समितिको सदस्यहरुमा मैता गुरुङ, दुर्गा पहारी, चतुरमान विक, जयराम सुनार, रश्मी परियार, रामकृष्ण परियार चयन भएका छन् ।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै भूमि अधिकार मञ्च नेपालका अध्यक्ष सोम प्रसाद भण्डारीलाई भूमि अधिकारलाई संविधानमा स्पष्ट व्याख्या गरिनुपर्ने बताए । नागरिकहरु भूमिबाट वञ्चित हुनु राज्यका लागि लाजमर्दो भएको बताउँदै यस तर्फ राज्यले ध्यान दिनु पर्ने उल्लेख गरे । मञ्चका अध्यक्ष आश बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक आत्म निर्भर केन्द्र पश्चिमाञ्चलका संयोजक सुमराम चौधरी, एमाले कास्कीका सचिवालय सदस्य तेजनारायण अधिकारी, नेपाली कांग्रेस कास्कीका सदस्यहरु गिरीराज गौतम, मनोज गुरुङ, एमाओवादी कास्कीका सदस्य दिलिप सुनार, अखिल नेपाल सुकुम्बासी संघ कास्कीका अध्यक्ष हर्कबहादुर विश्वकर्मा, भूमिहीन सुकुम्बासी संगठनका अध्यक्ष लक्ष्मी अधिकारी, ओम पौडेल, समिर थापा, बाल तथा महिला सशक्तिकरण समाजका दुर्गा शर्मा, महिला अधिकार मञ्चका राधा गौतम, दानबहादुर शाही, कमल गहतराज लगायतका वक्ताले आ-आफ्नो भनाई राखेका थिए । सुरक्षित घरबार सबैलाई, खेती योग्य जमिन किसानलाई भन्ने मूल नाराका साथ कार्यक्रम सम्पन्न भएको हो ।

सेनाहरु संगठित

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

पश्चिमाञ्चल क्षेत्रमा रहेका पूर्व नेपाली सेनाहरु हक, हित र सामाजिक भलाईका लागि संगठित भएका छन । पूर्व नेपाली सेनाहरुको शनिवार भएको भेलाले छरिएर रहेका पूर्व सहकर्मीहरुलाई संगठित गर्दै हितको लागि संगठित हुने निर्णय गरेको हो । पूर्व प्रमुख सेनानी उदिमबहादुर गुरुङको अध्यक्षतामा भएको भेलाले ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा थमबहादुर गुरुङ, सचिवमा मिनबहादुर नेपाली, सहसचिवमा हरिप्रसाद पौडेल, कोषाध्यक्षमा कृष्ण चपाई रहेका छन । सदस्यहरुमा यमनाथ रिमाल, सोमनाथ लामिछाने, ढाकारामा अधिकारी, महेन्द्र मल्ल लगायत रहेका छन । समितिले चाडै नै जिल्लाहरुमा समेत कार्य समिति गठन गरेर सक्रिय हुंगले लाग्ने निर्णय पनि गरेको छ । भेलामा विभिन्न जिल्लाका एक सय बढि पूर्व नेपाली सेनाहरु सहभागि थिए ।

टप्समा हस्तलेखन तालिम शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

पोखराको रामघाटस्थित टप्स उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरुका लागि तिनदिने हस्तलेखन सम्बन्धी प्रशिक्षण आइतबार देखि सुरु भएको छ ।

हस्तलेखन र सिर्जनात्मक कलासम्बन्धी प्रशिक्षण दिँदै आएका बामदेव योगीले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुलाई नेपाली र अङ्ग्रेजी अक्षर कसरी राम्रा बनाउन सकिन्छ भन्ने विषयमा आधारभूत ज्ञान पहिलो दिन दिएका थिए । मङ्गलबारसम्म चल्ने प्रशिक्षणअघि शनिबार शिक्षक/शिक्षिकाहरुलाई पनि त्यससम्बन्धी ज्ञान दिलाइएको विश्वलयका प्राचार्य रत्नमान गुरुङले जानकारी दिए । यसैबीच, विद्यालयमा गठित टप्स सिर्जनशील समूहले नेपाली आधुनिक कवि गोपालप्रसाद रिमालको जन्मजयन्ती एक विशेष परिचर्चा सहित आइतबार नै मनाएको छ ।

विद्यालयका साहित्य विभागका संयोजक रुपिन्द्र प्रभावीले संयोजन गरेको कार्यक्रममा समूहकी कोषाध्यक्ष स्मृति भाले रिमालको साहित्यिक योगदानका विषयमा चर्चा गरेकी थिइन् । वि.सं.१९७५ जेठ १८ गते जन्मेका रिमालको 'आमाको सपना' नामक कविता सइग्रहले २०१९को मदन पुरस्कार प्राप्त गरेको थिया भने उनको मृत्यु २०३० मा भएको थियो । यसअघि कवि कृष्ण सेन 'इच्छुक'को स्मृति दिवस, बुद्ध जयन्ती, युगकवि सिद्धिचरण जयन्तीलगायत मनाएको समूहले विभिन्न साहित्यकार तथा कलाकारहरुको जयन्ती, स्मृति दिवस र सांस्कृतिक पर्वहरुको परिचर्चा गर्दै आएको अध्यक्ष अविजित परियारले जानकारी दिए ।

फिस्टेलमा विद्यार्थीलाई सम्मान

पोखरा १८ जेठ ।(गोल्डेन)

पोखराको पार्डीस्थित फिस्टेल एकेडेमी उच्च मा.वि.ले आईतबार एक कार्यक्रमको आयोजना गरी विभिन्न प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई सम्मान गरयो ।

कार्यक्रममा विजेता विद्यार्थीहरुलाई सम्मान गर्दै विद्यालयका सह प्राचार्य बुद्धिमोहन पौडेल, पशासक इश्वर रेग्मी, नेपाली विभाग प्रमुख दुर्गा न्यौपाने तथा अंग्रेजी विभाग प्रमुख टिकाराम पौडेल लगायतले सम्मान गरेका थिए । विद्यालयले हालै जिल्ला शिक्षा कार्यालय कास्कीले आयोजना गरेको प्रतियोगितात्मक शैक्षिक प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रममा गायन विधा तर्फ प्रथम हुन सफल कक्षा ५ मा अध्ययनरत छात्रा प्रशान्ती राई र शैक्षिक प्रदर्शनीको भाषागत विधा तर्फ तृतीय हुन सफल विद्यार्थीहरुलाई सम्मान गरेको विद्यालयले जनाएको छ । सम्मान कार्यक्रममा मन्त्रव्य राख्दै सह प्राचार्य पौडेलले लगनशिलता नै सफलताको कारक भएको भन्दै मिहिनेतका साथ अगाडि बढेमा जुनसुकै प्रतियोगिता मा पनि सफलता हासिल हुने कुरा बताए । विजेता विद्यार्थी राईले आफ्नो प्रथम हुन सफल कर्णप्रिय गीत प्रस्तुत गरेकी थिइन भने कार्यक्रमको सञ्चालन विद्यालयका अतिरिक्त कृयाकलाप प्रमुख रामजी लम्सालले गरेको विद्यालयका उच्च मा.वि. संयोजक रामबन्धु पोखरेलले जानकारी दिए ।

बृद्धबृद्धालाई मनमायाको सहयोग

पोखरा १८ जेठ ।(गोल्डेन)

पोखरा १७ सीतापाइलास्थित पोखरा बृद्धाश्रममा एक महिलाले आइतबार नगदसहित जिन्सी सामान सहयोग गरेकी छिन् । लमजुङ जिल्ला नेटा गाविस घर भै हाल पोखराको चाउथेमा बस्दै आएकी ३४ वर्षीया मनमाया गुरुङले पोखरा बृद्धाश्रममा आश्रित ५४ जना बृद्धबृद्धालाई नगदसहित दाल, चिनी, साबुन, सर्फ, बिस्कुट लगायत सहयोग गरेकी हुन् । दिनदुःखीहरुको सहयोगस्वरुप आफूले यसअघि पनि बृद्धबृद्धाहरुलाई सहयोग गर्दै आएको गुरुङले बताइन ।

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मख्खियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।

- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
- ज्याष्ट्रिक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
- थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

बाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६१५४१८८, ०६१-५२४५५४

(मल्ल इम्पोरियमको अगाडि ढा कम्प्लेक्स भन्दा दुई घर तल)

खानेपानी चाहिएमा

मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् । बोरिङको नगनाउने पानी

सम्पर्क

भद्रकाली सप्लायर्स

कार्डुङोचाक, भार्वा-१,

फोन : ०६१-५३९०६०,

९८५९०३७६६६

Study & Work in Europe

Grece/Poland/Netherland/ Switzerland

Qualification : +2

- Pay After Visa
- No IELTS/ TOFELS
- Dependent can apply after TRC
- High Visa Sucess rate till now
- Gap no Problems

Contact

Career Makers Education Pvt.Ltd.

Panthigalli, Chipledhunga, Pokhara-4

Tel: 061-523454, 9846040874

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

सेवा दिने स्थानहरु : पोखरा भ्यासी, लेखनाथ र तनहुँ

Mycomputersathi.com

- website Design & Development
- Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10

Contact: 9746014694, 9804160688, 9846444087

Email : mycomputersath, **Skype :** mycomputersathi

Website : www.mycomputersathi.com

बर्गीकृत विज्ञापन

तु-आवश्यकता

कुक - १ जना
कुक हेल्पर-१ जना
हाउसकिपर -२ जना
लन्ड्री - १ जना
ड्राइभर -१ जना
नाइट गार्ड -१ जना
सम्पर्क : ५८४६०३०३२८

पसल विक्रीका

पोखराको हल्लनचोक र डिहिकोपाटन बीचको मेनरोडमा रहेको किराना पसल विक्रीमा छ ।

नोट : पसलसँगै बस्नका लागि दुई कोठा र किचन समेत रहेको छ ।

सम्पर्क : ५८४६०३०३२८

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कागों पठाउनु परेमा हामीलाई सम्झनुहोस् । साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क

WorldTouch Cargo & Courier Pvt.Ltd.

(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४५२४७०७
अफिस: ०६१-४६६४७९
ट्याङ्कर: ९८४५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।

सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोबाइल : ९८५६०३०९१४

अब सस्तोमा विज्ञापन

साइज 1col x 5 cm
३ दिनको लागि रू २५०/-मात्र
७ दिनको लागि रू ५००/-मात्र

साइज 2col x 5 cm
३ दिनको लागि रू ५००/-मात्र
७ दिनको लागि रू १०००/-मात्र

सम्पर्क : गोल्डेन न्यूज राष्ट्रिय दैनिक
फोन : ०६१-५३५४५५,५२२२२२ मो.९८५६०३४६०१

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६२५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

युवा सभासद्हरूद्वारा सिजी उद्योग ग्रामको अवलोकन

गोल्डेन न्युज संवाददाता
नवलपरासी १८ जेठ ।



नवलपरासी स्थित सिजी उद्योग ग्रामको अवलोकनपछि चौधरी गुपका अध्यक्ष विनोद चौधरी र वरिष्ठ अधिकारीहरुका साथ सामूहिक तस्विर खिचाउँदै सभासदहरु ।

प्रमुख तीन राजनीतिक दलका चार संविधानसभा सदस्यहरुले शनिवार नवलपरासीस्थित सिजी उद्योग ग्रामको अध्ययन भ्रमण गरेका छन् । नेपाली कांग्रेसका सभासदहरु गगन थापा र रामहरि खतिवडा, नेकपा एमालेका सभासद रविन्द्र अधिकारी र एमाओवादीका सभासद टोपबहादुर रायमाझीले संयुक्त रुपमा देशकै एकमात्र नमूना उद्योग ग्रामको अध्ययन भ्रमण गरेका हुन् ।

उद्योग ग्राममा रहेका करिब एक दर्जन उद्योगहरुमा सभासद हरुले करिब ६ घण्टा बिताएका थिए । नेपालमा बृहत् औद्योगिकीकरणको सम्भावनाका बारेमा अध्ययन गर्न उनीहरु सिजी उद्योग ग्रामको स्थलगत भ्रमणमा आएका हुन् । उद्योग ग्राम अवलोकनपछि नवलपसारीस्थित सिजी कर्पोरेट सेन्टरमा आयोजित पत्रकार अन्तर्क्रियामा सभासद गगन थापाले सिजी उद्योग ग्रामबाट आफू अत्यन्तै प्रभावित भएको बताए । चौधरी गुपका अध्यक्ष विनोद चौधरीको दूरदर्शी सोच र कुशल व्यवस्थापनको अनुपम उदारहणका रुपमा आफूले उद्योग ग्रामलाई पाएको भन्दै उनले नेपालको आर्थिक एवं सामाजिक रुपान्तरणका लागि उद्योग ग्राम देशकै नमूना रहेको धारण राखे । आगामी आर्थिक वर्षको बजेट ल्याउनका लागि संसदमा पूर्व बजेट छलफल शुरु भईसकेको सन्दर्भमा औद्योगिक क्षेत्रको विस्तारको अवधारणा बजेटमा समावेश गर्न समेत यो भ्रमण निकै उपयोगी साबित हुने विश्वास उनले व्यक्त गरे ।

सभासद रविन्द्र अधिकारीले सिजी उद्योग ग्रामले नेपालको आर्थिक रुपान्तरण गर्न सम्भव छ भन्ने शिक्षा आफूले पाएको बताए । राजनीतिक नेतृत्वले आर्थिक एजेण्डालाई केन्द्रमा राखेर काम गर्नुपर्ने समय आईसकेको उल्लेख गर्दै उनले आर्थिक वृद्धिदर, सामाजिक रुपान्तरण र रोजगारी सृजनामा केन्द्रित भएर काम गर्न आवश्यक रहेको बताए । देशको आर्थिक विकासका लागि सोचमा नै समस्या रहेको उल्लेख गर्दै उनले ब्यूरोक्रेसीको नकारात्मक चिन्तन पनि यसका लागि जिम्मेवार रहेकोमा जोड दिए । एमाओवादी नेता एवं सभासद टोप बहादुर रायमाझीले उद्योग ग्रामको विकासले देशमा बृहत औद्योगिकीकरण गर्न सम्भव छ भन्ने अनुभव आफूले पाएको बताए । आर्थिक विकासका लागि तत्कालिन र दीर्घकालीन विकास योजना कार्यान्वयन गर्न जरुरी रहेको धारणा राख्दै उनले सिजी उद्योग ग्रामबाट यस्ता शिक्षा लिन सकुपर्नेमा जोड दिए ।

अर्का युवा सभासद रामहरि खतिवडाले सरकारले संचालन गरेको औद्योगिक क्षेत्रहरु धराशायी भएको अवस्थामा निजी क्षेत्रबाट सफलतापूर्वक संचालन गरिएको सिजी उद्योग ग्रामले नयाँ उत्साह थपेको बताए । नयाँ संविधान निर्माणको क्रममा समेत आर्थिक विकासलाई उच्च प्राथमिकता दिन जरुरी रहेको अनुभव आफूलाई प्राप्त भएको धारणा उनले राखे । चौधरी गुपका अध्यक्ष विनोद चौधरीले सभासदहरुलाई उद्योग ग्राममा स्वागत गर्दै युवा सभासदहरुले देशको औद्योगिकी करण, आर्थिक रुपान्तरण र रोजगारी सृजनाका क्षेत्रमा ठोस योगदान गर्न आवस्यक रहेको बताए । उनले उद्योग ग्राम संचालनका अनुभवहरु सभासदसंग बाँडिका थिए ।

उपकार सहकारीको भ्रमण

गोल्डेन न्युज संवाददाता
पोखरा १८ जेठ ।

पोखराको लेकसाइडस्थित उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेडले दुईदिने अवलोकन भ्रमण सम्पन्न गरी आइतबार पोखरा फर्केको छ ।

सहकारीका सदस्यहरुसहित सम्मिलित १०५ सदस्यीय भ्रमण टोलीले बाग्लुङ, पर्वतलगायतका विभिन्न स्थानमा संचालित सहकारीहरुको अवलोकन गरेको अध्यक्ष इन्द्रप्रसाद पौडेलले बताए ।

उत्पादनका सहकारीहरुले कसरी काम गरेका छन्, अरु सहकारीलाई कस्तो प्रेरणा मिल्न सक्छ भन्ने उद्देश्यले उत्पादन सहकारीको अवलोकन भ्रमण गरिएको सहकारीका अध्यक्ष पौडेलले जानकारी दिए । सो क्रममा बाग्लुङस्थित जिल्ला सहकारी संघका अध्यक्ष रामबहादुर जिसीले सम्पूर्ण सहकारीको स्थितिको बारेमा जानकारी गराएका थिए ।

टोलीले बाग्लुङ दुग्ध उत्पादक सहकारी संघले समेत अवलोकन गरेको छ । कार्यक्रममा संघका अध्यक्ष युक्तप्रसाद कँडेल, कोषाध्यक्ष धरणीधर सापकोटाले संघको विगतदेखि वर्तमानसम्मका गतिविधि बारे भ्रमण टोलीलाई जानकारी गराएका थिए ।

अभियान युवा क्लबको अध्यक्षमा गिरी

पोखरा १८ जेठ ।(गोल्डेन)

अभियान युवा क्लको सम्पन्न दोश्रो साधारणसभा तथा अधिवेशनले बसन्त गिरीको अध्यक्षमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा मोहन बहादुर केसी, सचिवमा जयप्रकाश थापा, सहसचिवमा राजु गिरी, कोषाध्यक्षमा इन्द्र राना र सहकोषाध्यक्षमा विदुर शाही चयन भएका छन् । वरिष्ठ सदस्यमा मुक्ति बिजुक्छे तथा सदस्यहरुमा विनोद क्षेत्री, ध्रुवबहादुर नेपाली, विश्वराज केसी र कृष्ण थापा रहेका छन् । समितिको सल्लाहकारमा यज्ञप्रसाद बाँस्तोला, कालिका थापा, कृष्णबहादुर थापा, धर्मराज खत्री, राजेन्द्रबहादुर थापा र उज्वल खत्रीको संयोजकत्वमा गठित र सदस्य निर्वाचन कमिटी गठन गरिएको थियो । कालिका थापा र दामोदर बराल सदस्य रहेका थिए । यसअघि कार्यक्रमको उद्घाटन गर्दै पोखरा इलेक्ट्रिकल एशोसिएसन काश्कीका अध्यक्ष विनोद बहादुर काकीले क्लबसँग सहकार्य गर्दै आगामी दिनमा विभिन्न किसिमको कार्यहरु गर्ने प्रतिबद्धता जनाएका थिए । कार्यक्रममा टोल विकास संस्था समन्वय समिति बडा नं. ५ का अध्यक्ष उज्जवल खत्री, नमुना आदर्श आमा समूहकी अध्यक्ष कालिका थापा, सूर्यचन्द्र विकास समाजका उपाध्यक्ष बसन्त भण्डारी, घरेलु तथा साना उद्योग कार्यालय, काश्कीका प्रमुख नेत्रप्रसाद भट्टराई, रेडक्रस उपशाखा ५ का सभापति बुद्धिसागर खनाललगायतले बोलेका थिए । कार्यक्रममा ज्येष्ठ नागरिक ८२ वर्षीय रामबहादुर थापालाई सम्मान गरिएको थियो । क्लबलाई महत्वपूर्ण योगदान गरेका मुक्ति बिजुक्छे, कृष्णबहादुर थापा र धर्मेन्द्र घर्तीलाई सम्मान गरिएको थियो ।

निवर्तमान अध्यक्ष जगदीश प्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष मोहनबहादुर केसीले राखेका थिए भने कार्यक्रमको संचालन राजु गिरीले गरेका थिए ।

आमा समूहमा पुनः भण्डारी

पोखरा १८ जेठ ।(गोल्डेन)

तालचोक नवज्योती आमा समूहको अध्यक्षमा पुनः कौशल्या भण्डारी निर्विरोध चयन भएकी छन् । शनिवार भएको चौथो अधिवेसन एंव साधारण सभाबाट भण्डारी चयन भएकी हुन् । त्यस्तै समूहको उपाध्यक्षमा कल्पना अधिकारी, सचिवमा बसुन्धरा ओझा सहसचिवमा सारिता ओझा, कोषध्यक्षमा अनिता ढुंगाना त्यस्तै सदस्यहरुमा चन्द्रा सापकोटा, निरा तिवारी, शिव गिरी, कृष्ण बराल त्यस्तै सल्लाहकारमा गीतादेवी बराल, बाबुराम गिरी, धर्मदत्त बराल, हेमराज बराल, द्वारिका न्यौपाने रहेका छन् । कार्यक्रमको उद्घाटन सभा एवम् भवन उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि लेखनाथ नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र पौडेलले समाजिक कार्य र सस्कृतिक विचलन आउन नदिन महिलाको भूमिका उच्च रहेको भन्दै प्रशंसा गरे ।

हार्दिक बधाई एवं शुभकामना



ममता बाँस्तोला + नवराज पौडेल

हाम्रा आत्मीय मित्र एवं यस संस्थाका शुभचिन्तक श्री नवराज पौडेलज्यूको पुम्दीभुम्दी-२, पोखरा भ्युप्वाइन्ट निवासी श्री ममता बाँस्तोलासंग यहि २०७१ जेठ १६ गते प्रणयसूत्रमा बाँधिनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरूको सफल दाम्पत्य जीवन एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

ई. सुवास अधिकारी
मनकामना इन्जिनियरिङ्ग इण्डष्ट्रिज
लेखनाथ-१, तालचोक, कास्की
अलटेक सेल्स कर्पोरेशन
टेकु, काठमाडौं

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस गर्यारेन्टीका साथ टोनर रिफिलिङ्ग Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, घुन सुहाउन रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
तौल घटाउने जापनिज deit मात्र २५००।-
ढाड तथा जोनी दुखाइ ठीक पार्ने सजीसुधा, पेनलिस
* तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: शिघ्र स्खलन, उतेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी ढिलाउने, यल्ली पेट ढाड कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चाया पोतो, इण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुलो पातलो शरिरको तौल चढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्ती पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ४८४६९३७४१८

विदेश जानेहरूका लागि सुवर्ण अवसर
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तरराष्ट्रिय स्तरको सेक्यूरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
शतप्रतिशत उत्तीर्ण गराउने सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउने सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५४०२६२, मो. ९८४६०-४१४९२

STUDY IN AUSTRALIA
EXPLORE YOUR DREAM DESTINATION


We'll Help You to Fix Your Problem
if you have 5.0 in IELTS
and completed 10+2
Classes: IELTS CAE/PET/KET
TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara
T: PKR 061-525739 / 521639
KTM: 01-4720635 / 4720655
BRANCH: Chakrapath Maharajgunj, KTM
info@trinityeducation.edu.np

Study in Ireland
ENGINEERING | MANAGEMENT
IT/COMPUTING | NURSING
Min. req.: +2 , IELTS 5.0* | Same day offer letter.*
University of Limerick, DCU, itb, ibat College Dublin, DIT, Trinity College Dublin, Dunbalk Institute of Technology, National College of Ireland, DBS, Grafton College
Ireland's strength:
A friendly and safe environment, English speaking country, extensive choice of courses, internationally recognize qualification, long tradition in education excellence, innovative & creative culture, leading global companies in Ireland,entrepreneurial society, part time work (€8.65/hr).
New Zealand | Japan | UK | Australia
Prep. Classes:IELTS,TOEFL,CAE,Japanese language.
INTERNATIONAL EDUCATION LANDMARK
New Road, Pokhara
(Infront of Purnima Hall)
Tel: 061-541051
9846381881
Email: iedulandmark@gmail.com
www.facebook.com/elandmark

Join EIA
061-537843, 9726142430
CA Classes
100% Passout in CA & BBS Exam
www.eiapokhara.com



शिक्षा तालिम : पोखरा ८ सिमलचौरस्थित सृजना महिला बचत तथा ऋण सहकारी संस्थाद्वारा संस्थामा आबद्ध पुराना शेयर सदस्यहरुको पुनर्तालगीको लागि सहकारी सदस्य शिक्षा तालिम सम्पन्न भएको छ । तालिम पछि सामूहिक तस्वीर खिचाउदै सदस्यहरू । तालिममा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीका प्रशिक्षक इश्वरी ढकालले सहकारी सम्बन्धी प्रशिक्षण दिएकी थिइन । उक्त अवसरमा निवर्तमान अध्यक्ष तथा सल्लाहकार शान्ति शर्मा शुभकामना मन्तव्य राखेकी थिइन । तालिममा सहभागी प्रशिक्षार्थीको तर्फबाट राधादेवी पौडेल र नेत्रमाया जैसीले कार्यक्रम र निकै रोचक र फलदायी भएको बताइन । संस्थाका अध्यक्ष निता बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक सीतादेवी क्षेत्री तथा कार्यक्रमको संचालन सचिव कमलादेवी गिरीले गरेकी थिइन । तालिममा ५२ जना शेयर सदस्यहरुको सहभागिता थियो । तस्वीर : गोल्डेन न्यूज

राजनीतिले विश्वविद्यालय धराशायी-बस्नेत

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

युवा संघ नेपालका अध्यक्ष महेश बस्नेतले दलीय भागवण्डाका कारण विश्वविद्यालयहरु धरासायी बन्दै गएको बताएका छन् । आइतवार पोखरा विश्वविद्यालयमा आयोजित अनेरास्ववियुको विशेष कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । भेलालाई सम्बोधन गर्दै बस्नेतले नेता, अभिनेता, कर्मचारी र प्रहरीमा जनताले भेद छुद्रयाउन नसकिने अवस्था सिर्जना भएकोमा दुःख व्यक्त गरे । सबै जना सेलिब्रेटी बन्न खोजेको प्रसंग जोड्दै उनले अगाडि भने,"राजेश हमाल र रमेश खरेलको भूमिका एउटै हुन सक्दैन ।" कार्यक्रममा बोल्दै विशेष अतिथि अनेरास्ववियुका केन्द्रिय उपाध्यक्ष ऐन महरले शैक्षिक बरोजगारहरुलाई शैक्षिक प्रमाणपत्रको आधारमा निर्व्याजी ऋण उपलब्ध गराउन छिट्टै अनेरास्ववियुले आन्दोलन गर्न लागेको बताए । कार्यक्रममा अनेरास्ववियु विदेश विभाग प्रमुख अमृता बराल, गण्डकी अञ्चल सह इञ्चार्ज नरेश रोकाया र राष्ट्रिय परिषद सदस्य सुष्टी रेग्मीले पनि आफ्नो धारणा राखेका थिए । पोखरा विश्वविद्यालयको विभिन्न केन्द्रीय आंगिक कलेजहरुमा अध्ययनरत करिब २०० जना भन्दा बढि अनेरास्ववियु सम्बद्ध नेता कार्यकर्ता हरुको उपस्थिति रहेको उक्त भेलाले पोखरा विश्वविद्यालयको अस्तव्यस्तालाई अन्त्य गर्नका लागि अनेरास्ववियुले आन्दोलन शुरु गर्ने निर्णय गरिएको अनेरास्ववियु स्कुल अफ डेभेलपमेन्ट एण्ड सोसियल इन्जिनियरिङका अध्यक्ष रविन्द्र आचार्यले बताए । कार्यक्रम स्कुल अफ इन्जिनियरीङ क्याम्पस कमिटीका अध्यक्ष सुनिल तिमिल्सेनाको अध्यक्षता, पोविवि गण्डकी अञ्चल संयोजक नेशन शर्माको स्वागत मन्तव्य तथा अनेरास्ववियु पोविवि केन्द्रिय कमिटी सचिव सुवास मल्लको सञ्चालनमा सम्पन्न भएको थियो ।

एमालेको काम, कर्तव्य र अधिकार बारे प्रशिक्षण

पोखरा १८ जेठ ।(गोल्डेन)

नेकपा एमाले बडा कमिटी पोखरा ९ को राजनीतिक प्रशिक्षण कार्यक्रम आइतवार कमिटीका अध्यक्ष प्रकाश शर्माको अध्यक्षतामा सम्पन्न भयो । नेकपा एमाले गण्डकी अञ्चल कार्यालय सचिव भिम कार्कीले पार्टी संगठित सदस्यको काम कर्तव्य र अधिकार को सन्दर्भमा प्रशिक्षण दिए । कास्की जिल्ला कमिटी सचिव दामोदर बैरागीले जनताको बहुदलिय जनवाद र नवौ राष्ट्रिय महाधिवेशनको सन्दर्भको बारेमा प्रशिक्षण दिए । प्रशिक्षण कार्यक्रमा दुर्गाप्रसाद श्रेष्ठ, रामदेव धोवी, कृष्णप्रसाद शाह राधिका थापा, गोपी तुलाचन श्यामलाल श्रेष्ठ लालबहादुर श्रेष्ठ लगायतलाई सम्मान गरिएको थियो । कार्यक्रममा नेकपा एमाले कास्कीका सचिवालय सदस्य एवं पोखरा नगर समन्वय कमिटीका संयोजक तेजनारायण अधिकारी, सचिवालय सदस्य प्रेम विक, क्षेत्र नं. ३ उपाध्यक्ष नगेन्द्र गुरुङ, क्षेत्रीय सदस्य गोकर्ण अधिकारी, नगर कमिटी सदस्य लालबहादुर श्रेष्ठ, श्यामलाल श्रेष्ठ, गोपी तुलाचन, पोखरा नगर विषेश इलाका कमिटी सचिवालय सदस्य दुर्गा श्रेष्ठ, पुर्व जिल्ला कमिटी सदस्य भुवनेश्वर सुवेदी, निरु रानाभाट, उद्योग वाणिज्य संघ कास्की अध्यक्ष संजिवबहादुर काईराला लगायतले आ आफनो भनाई राखेका थिए ।

'समाजलाई मर्यादित र सभ्य बनाउन संस्कार महत्वपूर्ण'

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

भागवत भाष्कर कमलनयन गौतमले अहिलेको समाजलाई मर्यादित र सभ्य बनाउन संस्कार महत्वपूर्ण रहेको बताएका छन् ।

पोखराको प्रदर्शनी केन्द्रमा जारी विश्व जागरण महामहोत्सव २०७१ मा आठौं दिन आइतबार विशेष प्रवचन दिदै गौतमले संस्कार हरेक व्यक्तिको गहना भएकोले बालबालिकालाई संस्कार सिकाउँदै लैजानुपर्नेमा जोड दिए । उनले यो महान् अभियानमा परोपकार महासंघले पनि ऐक्यबद्धता जनाउने बताए ।

"बालबालिकालाई संस्कार सिकाऔं, धर्म, संस्कार र संस्कृतिको संरक्षण गरौं" भन्ने मूल नाराका साथ यहि जेठ २१ गते सम्म पोखरा प्रदर्शनी केन्द्रमा सञ्चालन भएको महोत्सवमा बोल्दै पूर्व सभासद तथा विश्व जागरण अभियानका सल्लाहकार शुकराज शर्माले भागवत महायज्ञ पोखरामा क्यौं पटक गरिए तर संस्कार सिकाउने धार्मिक महोत्सव पहिलो पटक भएको बताए । अभियानका अर्का सल्लाहकार महाप्रसाद सुवेदीले संस्कार मन्दिरको सुरुवात पोखराबाटै हुने कुरा पोखरेलीको लागि गौरवको विषय रहेको बताए । उनले मन्दिर निर्माणका लागि नगर विकास र नगरपालिकाले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिए । महोत्सवमा आइतवार विहान ५ बजेदेखि ७ बजेसम्म पतञ्जली योग केन्द्रको निःशुल्क योग शिविर सम्पन्न भएको छ । सोही अवसरमा विधिवत् रुपमा सम्पूर्ण बाल्मणहरुलाई वरण गरिइएको थियो । महोत्सव अवधिभर हरेक दिन विहान निःशुल्क योग शिविर आयोजना गरिने मूल आयोजक समितिका संयोजक भिमबहादुर गुरुङले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । कार्यक्रममा विहान ७ बजेबाट १२ बजेसम्म भागवत् पाठका श्रीमद्भागवत, देवी भागवत, सूर्य पुराण, विष्णु पुराण, गणेश पुराण गरी ५ वटा पुराण र वृहत यज्ञ अनुष्ठान भएको थियो । कार्यक्रममा शुक्रबार पनि राष्ट्रिय कलाकारहरुले भजनकीर्तन प्रस्तुत गरेको समितिका महासचिव टापेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

त्यसैगरी महोत्सवमा प्रमुख आकर्षणको रुपमा नेपालमा प्रथम पटक सवा करोड शालीग्राम परिक्रमा गर्ने कार्यक्रम अन्तरगत आइतवार पनि सयौं भक्तजनहरुले शालीग्राम परिक्रमा गरेका छन् । महोत्सव अवधिभर विभिन्न धर्मका विशिष्ठ व्यक्तिहरुको धार्मिक प्रवचन तथा श्रीमद्भागवत संङ्गीतमय कथा वाचन कार्यक्रम पनि गरिने भएको सचिव मानकाजी गुरुङले बताए । आइतबार पनि भक्तजनहरुको उल्लेख्य रुपमा सहभागिता रहेको विश्वजागरण धार्मिक महामहोत्सव मूलसमारोह समितिका चन्द्रकान्त काफ्लेले जानकारी दिए ।

रेवान नेपालको अध्यक्षमा जैसवाल

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

रेष्टुरेण्ट एण्ड बार एशोसियसन नेपालको २३औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट सम्पन्न भएको छ । अधिवेशनले प्रमोद कुमार जैसवालको अध्यक्षता नयाँ कार्यसमिति सर्व सम्मत गठन गरेको छ । समितिको वरिष्ठ उपाध्यक्षमा अनुपलाल कक्षपति, उपाध्यक्षमा पोखराका बलराम पहारी, सदस्यमा पोखराकै गोपीबहादुर भट्टराई लगायत १७ जनाको कार्यसमिति गठन भएको छ । रेवान पोखराको तर्फबाट १० जना सहभागी भएको थिए । उक्त सभाबाट केन्द्रिय कार्य समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरिएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष प्रदिपजंग राणाको प्रमुख आतिथ्यतामा लैनचौर व्याङ्क्वेट, कञ्चनजंगा हल, नेपाल स्काउट लैनचौर, काठमाण्डौमा सम्पन्न भएको थियो ।

पत्रकार चञ्चलालाई पृति शोक

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

नेपाल पत्रकार महासंघ कास्कीका सदस्य तथा कान्तिपुर पब्लिकेशनका पत्रकार शिव शर्मा चञ्चलालाई पृति शोक परेको छ । उनका पिता रामप्रसाद भट्टराईको ७५ वर्षको उमेरमा आइतवार विहान निधन भएको हो ।

तनहुँ राइपुर गाबिस-७ स्थित आफ्नै निवासमा निधन भएका भट्टराईको आइवार नै दाह संस्कार गरिएको पारिवारिक श्रोतले बताएको छ । भट्टराईका २ छोरा र छोरी छन् । पत्रकार चञ्चल कान्छो छोरा हुन् ।

यसैबीच नेपाल पत्रकार महासंघ कास्कीले रामप्रसादको निधन प्रति दुःख व्यक्त गरेको छ । महासंघका अध्यक्ष रामकृष्ण ज्ञवालीले शोक विज्ञप्ती जारी गर्दै दुखद घडीमा चञ्चल परिवारमा धैर्य धारण गर्ने क्षमता प्रदान गर्न प्रार्थना गरेका छन् भने स्वर्गीय आत्माको चीर शान्तिको कामना गरेका छन् ।

क्यूपेक नेपाल कास्कीको १८औं स्थापना दिवसमा भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ जेठ ।

नेपाल बिजुली पेन्टर प्लम्बर तथा निर्माण मजदुर युनियन (क्यूपेक नेपाल) कास्कीको १८ औं स्थापना दिवस र वार्षिक भेला आइतवार सम्पन्न भएको छ ।

प्रमुख अतिथि क्यूपेक नेपाल केन्द्रीय प्रतिनिधि परिषद प्रमुख तथा जिफण्ट राष्ट्रिय कमिटी सदस्य चन्द्र प्रसाद गुरुङले घर बनाउँदा जगको महत्व बढी हुन्छ, तर जग माटोमुनि पुरिएर रहे पनि पुरै घर धानेर बसेको हुन्छ, त्यस्तै कुनै पनि संघ संस्था स्थापना गर्दा संस्थापकहरुको भूमिका बढी हुन्छ त्यसैले संस्थापकहरुको सम्मान गर्न जरुरी रहेको बताए । सोही अवसरमा क्यूपेक नेपाल केन्द्रीय कमिटी उपाध्यक्ष एवं जिफण्ट राष्ट्रिय कमिटी महिला सचिव बेलीमैया घलेले महिला सहभागिता सक्रय हुनुपर्ने र ३३ प्रतिशत महिलाको आवाज निरन्तर उठिरहने बताए । आफ्नो देश छोडेर रोजगारीको खोजीमा सबै विदेश लागेकोले दक्ष जनशक्तिको अभाव भएको समेत उनले बताए । कार्यक्रममा नेपाल ट्रेड युनियन महासंघ गण्डकी धौलागिरी अञ्चल उपाध्यक्ष रुद्र बहादुर खत्री, क्यूपेक नेपाल केन्द्रीय कमिटी सदस्य सोमबहादुर आले, मजदुर इलाका इन्चार्ज कर्ण सिंह गुरुङ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन अञ्चल अध्यक्ष विष्णुबहादुर खत्री, क्यूपेक नेपालका संस्थापक सुरेन्द्र मर्सानी, निर्माण व्यवासी समिति अध्यक्ष भीमबहादुर साई लगायतले शुभकामना मन्तव्य राखेका थिए । क्यूपेक नेपाल जिल्ला अध्यक्ष पुष्प प्रसाद उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष गणेश भट्टराई तथा संचालन सचिव हरिभक्त श्रेष्ठले गरेका थिए । स्थापना दिवसको अवसरमा क्यूपेक नेपाल जिल्ला युवाहरुको आयोजनामा २०७१ जेठ १६ गते सरफाई कार्यक्रम समेत सम्पन्न गरेको थियो ।

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा
के तपाईसंग पुराना कम्प्युटरहरु छन् ?
पुराना कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
Online Computer Institute
न्यूरोड ४, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

After Exam BTI
Join
General Banking Course
Shift : Morning & Day
ग्रुपमा आउनेलाई विशेष छुटको व्यवस्था।
Banking Training Institute (BTI)
Sabhagriha Chowk, Pokhara
Ph: 061-528303, 9856031380
तपाईको सफलताको सहयात्री..... BTI

रक्तदान जीवनदान, जीवनदान महादान
Tears of a Mother cannot save her Child. But your Blood can.
DONATE BLOOD
SAVE LIFE
your
Blood can
SAVE 3 Lives
Blood Donation will only take upto One hour of your Life
Someone needs Blood after every two seconds
Jmc BBA 8th semester invites you
Date: Jestha 19 Time: 7:30 AM Venue: BBA Block

Study in JAPAN
ASAHI SHINBUN INTRODUCES
APRIL SESSION 2014 मा
१९ जनाले Scholarship पाउन सफल
Requirements: NAT/JLPT Passed +2 Passed or more. Bike License.
100% Scholarship
विशेषताहरु:-
Bank Balance
Free Ticket
JOB Guarantee
(JLECC) Japanese Language & Education Culture Center
New Road, Pokhara, Manorma Sapire (Top Floor)
061-538376

ॐ कम्प्यूटर डिजाईन एण्ड एडभरटाईजिङ्ग
को लागी निम्न कर्मचारी आवश्यकता
संख्या : ३ ग्राफिक डिजाईनर
संख्या : १ बजार प्रतिनिधि
संख्या : १ कम्प्युटर अपरेटर
तलब : आपसी समझदारीमा
दक्ष तथा अनुभवीलाई पहिलो प्राथमिकता
फ्लेक्स प्रिन्ट, कप/टि-सर्ट प्रिन्ट, भि.भि.सी. कार्ड, ग्राफिक डिजाईन, मायाको चिनो, प्रमाण-पत्र प्रिन्ट, बिल प्याड, होटल मिनु, कलर प्रिन्ट, कम्प्युटर प्रिन्ट, बाईलल छाप, सेल्फ स्टयाम, लेमिनेसन, फोटोकपी, बुक बाईन्डिङ्ग, विजाइ कार्ड प्रिन्ट
सृजनाचोक-८, पोखरा
लक्ष्मी भवनमा (पोखरा मल्टिमोडल अगाडी)
सम्पर्क नं.: ०६१-५२६११०, ९८५६०२२२२५

आकर्षक टाँसी बिक्रीमा
पोखराको नागढुङ्गा, पृथ्वीचोकस्थित एउटा सटरमा राखिएका ३ वटा टाँसीहरु तुरुन्त बिक्रीमा छन् । कपडा पसल, फेन्सी र किराना पसलका लागि उपयोगी टाँसी किन्न चाहनेका लागि
सम्पर्क : ९८५६०३१४५५ (चेतन)

के तपाईमा यौनसम्बन्धी समस्या छ ???
पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने बाँझोपन) नि:सन्तानको सफल उपचार
बाँध्ने समय : प्रत्येक दिन विहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९१४, ९८४६०४१९३१, ९८०४१७२५३१

किचन चिम्नी होलसेल मूल्यमा


Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।
Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुलभ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्पर्कहोस् ।
पोखराका लागि आधिकारिक विक्रेता
न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५१९, मो. : ९८५६०२५३७०

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा